# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/०९ गते

# प्रेस विज्ञप्ति

**विषय: तालिमबाट प्राप्त ज्ञानलाई कार्य क्षेत्रमा उतार्न निर्देशन।**

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यवाहक प्रमुख आयुक्त नवीनकुमार घिमिरेले तालिमबाट प्राप्त ज्ञान र सीपलाई कार्य क्षेत्रमा उतार्न सकेमा नै त्यसको सार्थकता रहने बताउनु भएको छ ।

हालै आयोगमा प्रवेश गरेका अनुसन्धान अधिकृत तथा अन्य तहका कर्मचारीहरुलाई दिइएको अनुसन्धान सम्वन्धी अभिमुखीकरण तालिमका सहभागीहरुलाई शुक्रबार निर्देशनका क्रममा कार्यवाहक प्रमुख आयुक्त श्री घिमिरेले सो कुरा बताउनु भएको हो ।

कार्यवाहक प्रमुख आयुक्त श्री घिमिरेले कर्मचारीहरुलाई आयोगको संस्थागत सोच र मान्यताका आधारमा काम गर्न निर्देशन दिदैं आयोगले छिटो, छरितो र परिणाममुखी कामको अपेक्षा राखेको छ भन्नुभयो । उहाँले आयोगले सबै तहका कर्मचारीलाई आवश्यकता अनुरुप प्रशिक्षण दिदैं जाने बताउदै इमान्दार भएर आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्न निर्देशन दिनुभयो ।

आयोगको केन्द्रीय कार्यालयमा आयोजित उक्त समापन कार्यक्रममा आयोगका आयुक्त डा. गणेशराज जोशीले आयोगबाट गरिने अनुसन्धान अन्य क्षेत्रबाट गरिने अनुसन्धान भन्दा फरक भएकाले यस दिशामा केन्द्रित रहेर कर्मचारीहरुले काम गर्नुपर्दछ भन्नुभयो ।

आयुक्त राजनाराण पाठकले यो तालिम व्यवहारिक ज्ञानको लागि उपयोगी भएकाले यसलाई अनुसन्धानको कार्यमा उतार्न सक्नुपर्ने बताउनु भयो ।

त्यसैगरी आयुक्त डा. सावित्री थापा गुरुङले सर्वसाधारणबाट गुनासा नआउने गरी चुस्त र पारदर्शी ढंगबाट अनुसन्धान अधिकृतहरुले कार्य सम्पादन गर्नुपर्दछ भन्नुभयो ।

आयोगका सचिव डा. राजन खनालले अनुसन्धान अधिकृतहरु सक्षम भएमा नै आयोगको काम कारवाही प्रभावकारी हुने बताउनु भयो ।

कार्यक्रममा सहभागीहरुको तर्फबाट उपन्यायाधिवक्ता शम्भु गौतम र शाखा अधिकृत गायत्री वाग्लेले तालिममा सिकेका सीपलाई व्यवहारमा उर्तान प्रयत्न गर्ने बताउनु भयो ।

सो कार्यक्रमको उद्घाटन बुधबार आयोगका सचिव डा. राजन खनालले गर्नुभएको थियो ।

तीन दिनसम्म चलेको उक्त अभिमुखीकरण कार्यक्रममा आयोगको गठन, सांगठनिक स्वरुप, काम, कर्तव्य र अधिकार तथा आयोगको पदाधिकारी र कर्मचारीको आचार संहिता विषयमा सहसचिव कालीप्रसाद पराजुली, प्रारम्भिक र विस्तृत अनुसन्धान प्रक्रिया विषयमा सहन्यायाधिवक्ता शंकर खत्री, अनुसन्धान प्रतिवेदन तयारी र निर्णय तथा अभियोजन पत्र लेखन सम्वन्धमा सहन्यायाधिवक्ता हरिप्रसाद जोशी, अनुसन्धान सम्वन्धी सूचना संकलन, सम्प्रेषण, सूचना प्रसारण विषयमा सहसचिव दीर्घराज मैनाली र सार्वजनिक खरिद अनुसन्धान सम्वन्धी सु. ई रविन्द्रनाथ श्रेष्ठले प्रशिक्षण दिनु भएको थियो ।

त्यसैगरी सहसचिव बालकृष्ण घिमिरेले कार्यस्थलमा हुने तनाव व्यवस्थापन विषयमा सहन्यायाधिवक्ता मुरारीप्रसाद पौडेलले अभियोजन गर्दा देखिएका समस्या र सुधारका उपायहरु विषयमा, सहसचिव विष्णुप्रसाद पोखरेलले उजुरी उपरका समग्र चरणका विषयमा र प्रहरी नायव महानिरीक्षक उत्तमकुमार कार्कीले प्रस्तुती कलाका विषयमा प्रशिक्षण दिनुका साथै आयोगको सूचना संकलन र अन्य प्राविधिक विषयमा जानकारी गराइएको थियो । तालिममा विभिन्न तहका कर्मचारी र अनुसन्धान अधिकृत गरी ३४ जनाले भाग लिएका थिए ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता